गणतन्त्र दिवस विशेषाङ्क

# सिक्किम हेरल्ड

सूचना एवम् जन सम्पर्क विभागको वेबसाइट
www.ipr.sikkim.gov.in

Postal Regd. No: WB/SKM/01/13

वर्ष ५२ | गान्तोक, (शनिबार) २६ जनवरी, २०१९ | अङ्क ३

## गणतन्त्र दिवसको अवसरमा राज्यपालको संदेश



राष्ट्रको ६९औं गणतन्त्र दिवसको यस शुभअवसरमा म सिक्किमवासीका साथै सबै देशवासीलाई हार्दिक शुभकामना दिन चाहन्छु। म सिक्किमवासीलाई नयाँ वर्षको पनि शुभकामना दिन चाहन्छु।

प्रत्येक वर्ष भारतले २६ जनवरीलाई गणतन्त्र दिवसको रूपमा पालन गर्दछ। विश्वोको सबै भन्दा ठूलो संविधान मानिएको भारतको संविधान २६ जनवरी, १९५०-का दिन अधिनियमित गरियो अनि सबैभन्दा ठूलो लोकतन्त्रका लागि यसलाई लागू पनि गरियो। यसका प्रमुख वास्तुकार डा. भीमराव अम्बेडकर थिए। आजैका दिन स्वतन्त्र भारतलाई आफ्नो संविधान प्राप्त भयो, जुन संविधानको माध्यमबाट नै कार्यपालिका, न्यायपालिका, विधायिकाको सबै कार्य सम्पादित हुँदछ।

यसअन्तर्गत भारतलाई एउटा सम्प्रभु, समाजवादी, पन्थनिरपेक्ष, लोकतान्त्रिक गणराज्यको रूपमा स्थापित गरियो। केही दशहरूको उतार-चढाउले भरिएको इतिहासका साथै दह्रिलो रूपमा जोडिएको हाम्रो गणतन्त्र, लोकतान्त्रिक मूल्य अनि सिद्धान्त दुनियाको सबैभन्दा ठूलो लोकतन्त्रका रूपमा अघि आएको छ। हाम्रो संविधान हाम्रा सबै भारतीहरूका लागि गर्वको पनि प्रतिक हो।

यस अवसरमा म देशलाई निरन्तर सुरक्षा प्रदान गर्ने सशस्त्र बल, अर्द्धसैनिक बलका जवान अनि उनीहरूका परिवारका सदस्यहरूलाई पनि शुभकामना दिन चाहन्छु। आउनुहोस, हामी सबै ती वीर वीराङ्गनाहरूलाई पनि नमन गरौं, जसले देश रक्षा हेतु आफ्नो प्राणको आहुति दिएका छन्।

प्रिय नागरिक,

मैले महसुस गरेको छु कि सिक्किममा शान्ति, सद्भाव अनि स्थिरताका कारण प्रजातन्त्रको पकड दह्रिलो भएको छ। तीन अन्तरराष्ट्रिय सीमा हुँदा-हुँदै पनि सिक्किमको शान्ति र स्थिरता देशको एकता अनि अखण्डताका लागि अति नै सराहनीय छ। यो सिक्किमवासीका लागि गर्वको विषय हो।

राज्यको सर्वाङ्गीण विकास अनि समृद्धिका लागि शान्ति र सद्भावको यस स्वस्थ वातावरणलाई अझ सुदृढ गर्न हेतु म सबैसित आफ्नो सकारात्मक योगदान दिन आग्रह गर्दछु।

आज सिक्किम पहिलो जैविक राज्य बनेर दुनिया सामु एउटा नमूनाको राज्यको रूपमा खडा भएको छ। राज्यले विकास, शान्ति, सद्भाव र सुरक्षालाई आत्मसात गरेको छ। राज्यमा साम्प्रदायिक दङ्गा, हडताल आदि जस्ता कुनै समस्या छैनन्। सिक्किम सरकारले लगातार जमीनी स्तरमा विकासलाई अघि बढाउने आफ्नो उच्च स्तरीय दृष्टिकोणको नीतिलाई पालन गरेको छ। ग्रामीण आजीविका, सडक सम्पर्क, बिजुली, स्वास्थ्य सुविधा, पिउने पानी तथा सबैका लागि आवास सुनिश्चित गर्ने मुद्दा होस या विकासको आधुनिक प्राथमिकता, हाम्रो सरकारको

रहल पृष्ठ २ मा...

## गणतन्त्र दिवसको अवसरमा सिक्किमका मुख्यमन्त्रीको संदेश



आदरणीय सह नागरिकहरू,

हाम्रो महान राष्ट्रको ७०औं गणतन्त्र दिवसको यस खुशीयाली र शुभ अवसरमा, म सिक्किमवासी अनि आफ्ना देशवासीहरूप्रति हार्दिक शुभकामना र शुभेच्छा व्यक्त गर्दछु।

आज आफ्नो ७०औं गणतन्त्र दिवस पालन गर्न लोकतांत्रिक राष्ट्र भारत एकजुट बन्दछ, जुन दिन सबै राष्ट्रवासीको निम्ति गौरवको दिन हो। हामीमध्ये अधिकांश यस दिनलाई वर्षौंदेखि गणतंत्र दिवसको परेडसित जोड़दछौं, जबकि यो दिन त्यस कुरादेखि धेरै अधिक हो जब गणतंत्र दिवसलाई औपचारिक रूपमा भारतको मार्गदर्शक दस्तावेजको रूपमा अपनाइयो र देश एउटा संघीय गणतंत्र बन्यो।

मध्यरातको समयमा, जब विश्व चीर निन्द्रामा हुन्छ, भारत जीवन र स्वतन्त्रताका निम्ति जाग्दछ। यी पण्डित जवाहरलाल नेहरूका ती प्रसिद्ध पंक्तिहरू हुन जुन उनले भारतको स्वाधीनताको पूर्व संध्यामा भारतीय संविधान सभामा व्यक्त गरेका थिए। धेरै वर्षअघि, हामी सौभाग्यसित आबद्ध बन्यौं, र अब हामीसित हाम्रो संकल्पलाई पूर्णरूपमा रूपान्तरित गर्ने समय आएको छ।

आज जब हामी गर्वका साथ हाम्रो गणतन्त्र दिवसलाई पालन गर्दैछौं, हामीले ती स्वाधीनता संग्रामीहरूको संघर्षलाई पनि याद गर्नुपर्छ जसले यस दिनलाई सम्भव बनाए। जस्तै लाल बहादुर शास्त्रीले एकपल्ट भनेका थिए, हामी हाम्रा निम्तिमात्र होइन तर तर सम्पूर्ण विश्वका मानिसहरूको शान्ति र शान्तिपूर्वक विकासमा विश्वास गर्दछौं। हामीले भारतीय गणतन्त्रको विकासका निम्ति काम गर्न छोड़नुहुँदैन।

एउटा राष्ट्र त्यो हो जस्तो कि राष्ट्रवासी चाहन्छन्। हामी कृतज्ञ हुनुपर्छ कि हाम्रा पुर्खाहरूले कठोर संघर्ष गरे र स्वाधीनता आर्जन गर्न आफ्नो जीवनको बलिदान दिए। आज भारत सर्ववृहत लोकतान्त्रिक राष्ट्र हो र यो धेरै दशक पूर्व हाम्रा नेताहरूले एउटा संविधानको मस्यौदा तयार गर्न र अपनाउन भोक निन्द्रा त्यागेर खटेका कारण सम्भव भएको हो। अब यसलाई अघि बढ़ाएर लैजान अनि भारतलाई पूर्ण विकसित राष्ट्र बनाउने दिशामा काम गर्नु हाम्रो कर्तव्य हो।

यस खुशीको अवसरमा, म सशस्त्र अनि अर्धसैनिक बलका सदस्यहरूलाई शुभकामना दिन्छु जसले राष्ट्रलाई निरंतर सुरक्षा प्रदान गर्दछन्।

आऔं हामी ती बहादुर सैनिकहरूलाई पनि स्मरण गरौं र उनीहरूको सम्मान गरौं, जसले सर्वोच्च बलिदान दिए अनि कर्तव्य पालन गर्नका निम्ति आफ्नो जीवन समर्पित गरे। म उनीहरूको परिवारका सदस्यहरू प्रति पनि सम्मान गर्दछु र उनीहरूको सम्मान गर्दछु जसले देशको सेवामा आफ्ना प्रियजनहरूलाई गुमाएका छन्।

सिक्किममा हामीले राष्ट्र निर्माणको दिशामा आफ्नो विशेष योगदान दिएका छौं। सिक्किमका मानिसहरूले १९७५ मा तत्कालीन स्वतंत्र देशलाई भारतीय मुख्यधारामा अन्तर्भुक्त गर्नका निम्ति देशभक्तिको एउटा दुर्लभ उदाहरण पेश गरेका छन् जुन विश्वमा कहीं-कतै पाइन्दैन। आज, सिक्किम देशको सबैभन्दा प्रगतिशील, शांतिपूर्ण र जीवंत राज्यहरूमध्ये एउटा हो। बितेका दशकहरू भरि राज्य सरकारले धेरैवटा नीतिगत पहलहरू गरेको छ, र भारतमा धेरै प्रकारको नवप्रवर्तनकारी अभिनव कार्यक्रमहरूको शुरुआत र कार्यान्वयन गरेको छ जसले सामाजिक-आर्थिक स्थिति अनि राज्यको समग्र विकासमा सकारात्मक तथा दृश्यमान परिवर्तन ल्याएका छन्। सरकारले ती मुद्दाहरू र चुनौतीहरूको समाधानका निम्ति हर संभव प्रयास गरेको छ जसले मानिसहरूको आशा र आकांक्षाहरूलाई पूर्णरूपले सम्बोधित गर्दछ।

राज्य सरकारले राज्यका मानिसहरूको विकास र कल्याणका निम्ति निरन्तर काम गरेको छ। हामीले मानिसहरूको जीवनमा शांति, सुरक्षा, प्रतिष्ठा र सम्मानलाई बढ्वा दिन अधिकतम जोर दिएका छौं। क्षेत्रका अन्य भागहरूमा व्याप्त अशान्तिलाई मध्यनजर गर्दा सिक्किममा शांति, प्रगति र सुरक्षाको क्षेत्रका हाम्रो सबैभन्दा ठूलो योगदान रहेको छ। आज अन्य राज्यहरूले प्रशंसाको दृष्टिले सिक्किमतर्फ हेर्छन्। हाम्रा नीति र कार्यक्रमहरूको सराहना गरिएको छ र उदाहरणको रूपमा उद्धृत गरिएको छ। सिक्किमले धेरै क्षेत्रहरूमा मानकहरू स्थापित गरेको छ जसले देश र दुनियामा राज्यलाई चिन्हित गरेको छ।

त्यसै समयमा, राज्य सरकार मानिसहरूको जीवित स्तरलाई वृद्धि गर्नमा पनि सफल रहेको छ। यो धेरै स्पष्ट छ कि राज्यमा मानिसहरूको जीवन स्तरमा सुधार भएको छ। हरेक अवसरमा, राज्य सरकारले युवाहरूको लाभका निम्ति धेरै नयाँ बाटोहरू तयार गरेको छ।

हामीले विशेष रूपमा गुणवत्तापूर्ण शिक्षा र मानव संसाधन विकास प्रदान गर्ने संदर्भमा योजनाहरूलाई असल ढङ्गमा लागू गरेका छौं । यसका परिणाम सबैभन्दा उत्साहजनक रहेका छन्।

स्वास्थ्य हेरचाह, आधारभूत सुविधाहरू, सबै समुदायलाई सामाजिक सुरक्षा, महिला सशक्तीकरण, क्षमता विकेन्द्रीकरण र हस्तान्तरण, पूर्वाधार निर्माण विकास, पर्यावरण-पर्यटनलाई

रहल पृष्ठ २ मा...

# गणतन्त्र दिवसको अवसरमा राज्यपालको...................

दूरगामी नीतिका कारण आज सिक्किमले कृषि प्रधान राज्यबाट औद्योगिक अनि सेवा क्षेत्र भएको राज्यको रूप पनि अपनाएको छ।

सिक्किम राज्यको स्थापनापछिबाट सरकारले राज्यको विकास रणनीतिलाई जमीनी वास्तविकता अनि प्राकृतिक क्षमताको आधारमा तयार गरेको छ। विगत २४ वर्षमा विभिन्न क्षेत्रमा अभूतपूर्व परिवर्तन भएको छ अनि आज सिक्किम सामाजिक, आर्थिक सङ्केतक, मजबूत आर्थिक जीवन्तता साथै सामाजिक स्थिरताको मामिलामा देशका श्रेष्ठ राज्यहरूमा एउटा बनेको छ। हाम्रो सरकार राज्यका मानिसहरूको सेवाका लागि आफ्नो दीर्घकालिक मिशनका साथै विकासको यस गतिलाई अघि बढाउनका लागि प्रतिबद्ध छ।

जैविक खेती

सरकारले २००३-मा राज्यमा जैविक खेतीलाई अपनाउने फैसला गऱ्यो। २००३ र २०१०-को बीचमा कार्ययोजना तयार गर्न, रासायनिक उर्वरकको उपयोगलाई बहिष्कार गर्न, जैविक खाद्यको उत्पादन, बुनियादी ढाँचा, भर्मी कम्पोस्ट, बायो कम्पोस्ट यूनिटको स्थापना जस्ता धेरै कार्य गरियो। उर्वरक उत्पादन एकाइहरू, मृदा परीक्षण सुविधा, जैविक बीज उत्पादन एकाइ अनि किसान र अन्य हितधारकको क्षमता निर्माण पनि यस अवधि गरियो।

१५ अगस्त, २०१०-को सिक्किम जैविक अभियानको शुभारम्भसितै राज्यमा जैविक आन्दोलको एउटा औपचारिक मोहर लाग्यो। २०१५-को अन्तसम्म प्रमाणीकरणको माध्यमबाट पूरा कृषि भूमिलाई जैविक प्रबन्धनअन्तर्गत ल्याउनका लागि एउटा समय सीमा निर्धारण गरियो। २०१५-को अन्तसम्ममा राज्यको सम्पूर्ण कृषि योग्य भूमिलाई जैविक प्रमाणित गरेर सिक्किमले पहिलो जैविक राज्य हुने गौरव हासिल गऱ्यो।

यसपछि उत्पादन, प्रसंस्करण र विपणनका लागि शुरूदेखि अन्तिमसम्मको सुविधाका साथ एकीकृत अनि केन्द्रित दृष्टिकोणअन्तर्गत धेरै स्तरमा कार्य चलिरहेको छ।

सिक्किमको पर्यावरणीय हित अनि मानिसहरूको स्वास्थ्यमा सुधार गर्नका लागि, राज्य सरकारले ३१ मार्च, २०१८-देखि गैर-जैविक कृषि र बागवानी वस्तुको प्रवेशमा रोक लगाउन आवश्यक सम्झियो। यो केवल मजबूत विपणन व्यवस्था बनाउने अवसरमात्र नभएर राज्यको घरेलू प्रसंस्करण क्षमतासितै नोकरीका अवसरहरू सृजित गर्नमा पनि सहयोगी हुनेछ।

फ्यूचर पोलिसी गोल्ड अवार्डको रूपमा सिक्किमको मुकुटमा एउटा अर्को रत्न जोडियो। १५ अक्टूबर २०१८-का दिन हाम्रो सरकारलाई फ्यूचर पोलिसी गोल्ड अवार्ड प्राप्त भयो, जुन संयुक्त राष्ट्रको खाद्य तथा कृषि संगठनले इटलीको रोममा प्रदान गरेको हो। यस पुरस्कारलाई पर्यवेक्षक अनि अनुयायिद्वारा सर्वश्रेष्ठ नीतिका लागि ओस्कर सम्मान भनेर तुलना गरिएको छ।

**शिक्षा**

सरकारका लागि शिक्षा संधै सर्वोच्च प्राथमिकताको क्षेत्र रहिआएको छ। सिक्किम शिक्षा क्षेत्रमा आफ्नो वार्षिक बजेटको २० प्रतिशतभन्दा अधिक खर्च गर्ने देशको एकमात्र राज्य हो। यस क्षेत्रमा सरकारद्वारा गरिएका सबै प्रयासबाट अब राज्यलाई फायदा पुग्न थालेको छ। पहिलादेखि नै महाविद्यालय स्तरसम्म नि:शुल्क शिक्षा प्रदान गर्दै आइरहेको सरकारले राज्यका दुईवटा सरकारी पोलिटेक्निक महाविद्यालयमा सिक्किमे छात्रका लागि नि:शुल्क शिक्षा व्यवस्थाको शुरुआत गरेको छ।

राज्यले १५ अगस्त, २०१७-मा लगभग १०० प्रतिशत साक्षरता प्राप्त गरेको घोषणा गरियो। राज्यमा २६ प्रतिशतको राष्ट्रिय औसतको तुलनामा ३७ प्रतिशतको उच्च सकल नामाङ्कन अनुपात रहेको छ। राष्ट्रको कुल नामाङ्कन अनुपात ५७-को तुलनामा सिक्किमको ७७ रहेको छ। यसले स्पष्ट रूपमा इङ्गित गर्छ कि सिक्किममा छात्रहरूको नामाङ्कन अधिक भइरहेको छ। अर्को खास कुरा के रहेको छ भने सिक्किममा छात्र-छात्राबीचको लैङ्गिक अनुपात १०० जना केटाहरूमाथि १११ केटीहरू रहेको छ जुन धेरै उत्साहवर्धक विषय हो।

स्वास्थ्य क्षेत्र

स्वास्थ्य क्षेत्रअन्तर्गत राज्यले स्वास्थ्य सेवा प्रदान गर्नमा महत्वपूर्ण प्रगति गरेको छ। गुणस्तरीय स्वास्थ्य सेवाको माध्यमबाट स्वस्थ समाजको निर्माण अनि दूरस्थ गाउँहरूसम्म आफ्ना नागरिकका लागि सेवा पुऱ्याउने राज्य सरकारको लक्ष्य हो। राज्यमा आई.एम.आर., एम.एम.आर., बिरामीको व्यापकता, रुग्णताका साथै मृत्युदर जस्ता महत्वपूर्ण सूचकमा लगातार गिरावट देखिएको छ।

३० जुलाई, २०१८-मा एचपीभी टीकाकरणको पहिलो चरणमा ९-देखि १४ वर्ष बीचका सबै बालिकाहरूलाई टीकारण गरियो, जिसमा २४,०००-देखि अधिक बालिकाहरू शामिल थिए। एचपीभी महिलाहरूमा सर्वाइकल क्यान्सर मुख्य कारण हो। यसलाई निर्मुल पार्नका लागि सरकारद्वारा ९-देखि १४ वर्षको आयुवर्गबीचका बालिकाहरूका लागि निःशुल्क एचपीभी टीकाकरणको शुरुआत गरियो अनि राज्यभरि एचपीभी टीकाकरण शुरू गर्ने सिक्किम देशको पहिलो राज्य बन्यो।

राज्य सरकार द्वारा संचालित क्याच स्वास्थ्य क्षेत्रमा एउटा महत्त्वपूर्ण पहल हो। प्रत्येक गाउँमा सबै नागरिकका क्याचको माध्यमबाट सार्वभौमिक स्वास्थ्य जाँचको सुविधा प्रदान गरिन्छ जसबाट बिमारको पहचान शुरूमै हुनसकोस अनि उपचार छिटो सुनिश्चिजत गर्न सकियोस। यस कार्यक्रमको माध्यमबाट सिक्किमलाई एउटा स्वस्थ राज्य बनाउने दिशामा काम गर्नका लागि स्थानीय भागीदारी अनि सामूहिक सहयोगमा विशेष ध्यान दिइँदैछ। सार्वभौमिक स्वास्थ्य कवरेजका लागि यस प्रकारको अभियान शुरू गर्ने सिक्किम देशको एकमात्र राज्य हो।

सिन्छेमा यसै वर्ष १४ जनवरीका दिन १००० पलङयुक्त बहुविशेषतायुक्त अस्पतालको शुभारम्भ गरियो। यस अस्पतालको निर्माण बिरामीहरूलाई उच्च गुणस्तरीय स्वास्थ्य सुविधा प्रदान गर्ने दीर्घकालिक उद्देश्यका साथ गरिएको हो। यो सुरक्षित, प्रभावी, कुशल अनि अग्रगामी पहल हो। मलाई विश्वास छ भविष्यमा यस अस्पतालले सर्वोत्तम कार्यशैलीका साथ उत्कृष्ट स्वास्थ्य केन्द्रको रूपमा आफ्नो पहिचान बनाउनेछ।

गम्भीर रूपमा बिराम भएका रोगीहरूले अब उपचारका लागि राज्यदेखि बाहिर ठूल-ठूला अस्पतालहरूमा जाने कुनै आवश्यकता छैन।

यसै अस्पताल नजिक उपलब्ध जमीनमा यस वर्षदेखि सरकारी चिकित्सा महाविद्यालयको शुरुवात गर्ने दिशामा हाम्रो सरकार काम गरिरहेछ। यस संस्थानले पछि गएर राज्यका लागि आवश्यक पर्याप्त चिकित्सा शक्ति प्रदान गर्नेछ।

ऊर्जा शक्ति

राज्यका लगभग प्रत्येक कुनामा आज बिजुली पुगेको छ। अब राज्यमा १४८ मेगावाट बिजुलीको आवश्यकताको तुलनामा स्थापित क्षमता २२०६ मेगावाट सम्म पुगेको छ। राज्यमा प्रचुर जलविद्युत क्षमता छ र मेरो सरकार आय सृजनमा तीव्रता ल्याउनका लागि यस क्षमताको उपयोग गर्ने दिशामा तीव्ररूपमा अग्रसर छ। राज्यको लक्ष्य दीनदयाल उपाध्याय ग्रामीण ज्योति योजना र एकीकृत विद्युत विकास योजनाको माध्यमद्वारा प्रत्येक घरसम्म बिजुलीको सुविधा प्रदान गर्नु हो।

**ग्रामीण विकास**

१९९५-९६ मा मेरो सरकारले ग्रामीण जनताको उत्थानका निम्ति आफ्नो योजना राशिको ७० प्रतिशत आवन्टन ग्रामीण क्षेत्रमा गर्ने ऐतिहासिक निर्णय लियो। यो नीति आज पनि कायम छ।

शासन प्रक्रियालाई पूर्णरूपमा विकेन्द्रित गरिएको छ। जिल्ला स्तरमा विकास योजनाहरूको निर्माणका निम्ति जिल्ला पञ्चायतअन्तर्गत जिल्ला योजना बोर्डहरूको गठन गरिएको छ।

शासन विकेन्द्रीकरण र हस्तान्तरित पञ्चायती राजका प्रमुख विशेषताहरू हुन्। सिक्किमको पञ्चायती राज व्यवस्थालाई देशमा सर्वश्रेष्ठ राज्यहरूमध्ये एउटा मानिन्छ। राज्यमा पञ्चायती राज प्रणालीमा उम्दा प्रदर्शनलाई नियमितरूपमा प्राप्त भइरहेका राष्ट्रीय पुरस्कारहरूले पनि पुष्टि गर्दछन् कि हामी सही दिशामा अघि बढ्िरहेका छन्।

यद्यपि, राज्यमा गाँउ अनि जिल्ला स्तरमा दुई स्तरीय पञ्चायतीराज प्रणाली छ, तर ग्राम पंचायतहरूको समूहलाई प्रशासनिक, लेखा सम्बन्धित एवम् तकनीकी सहायता प्रदान गर्नका निम्ति खण्ड विकास केन्द्र स्थापित गरिएका छन्। राज्यमा १८३ ग्राम पञ्चायतहरूको आवश्यकताहरूलाई पुरा गर्नका निम्ति हालसम्म ३२ खण्ड विकास केन्द्र स्थापित गरिएका छन्। यी केन्द्रहरूले प्रशासन र विकासलाई अंतिम व्यक्तिसम्म पुऱ्याएर विकेन्द्रीकरणको प्रक्रियालाई अझ व्यापक र मजबूत गरेका छन्।

प्रिय नागरिक,

हाम्रो सरकारको लक्ष्य भनेको सिक्किमलाई देशको पहिलो कच्चा घरमुक्त राज्य बनाउनु हो। कच्चा घरहरूमा रहने सर्वसाधारण मानिसलाई पक्का घर उपलब्ध गर्नका लागि मुख्यमन्त्री ग्रामीण आवास योजनाअन्तर्गत सरकारद्वारा शुरूमा ५६५९ घरहरूको निर्माण गरियो। यस बाहेक संस्करणमा चरण-१ र २ अन्तर्गत अन्य ६००० घर निर्माणको मज्जूरी दिइएको छ।

सीएमआरएचएम चरण-१ अन्तर्गत ३००० घरहरूमध्ये १०७९ पूर्ण भइसकेका छन् अनि बाँकी पूरा हुने विभिन्न चरणमा छन्।

**सडक क्षेत्र**

सिक्किम एक पैह्रो प्रभावित राज्य हो अनि हामी राज्यको सबैभन्दा आवश्यक एकमात्र जीवन रेखा राष्ट्रीय राज मार्ग-१० मा निर्भर छौं। यस राजमार्गमा कयौंपल्ट मौसमको गडबडी अनि राजनैतिक कारणले हुने व्यवधानबाट पनि राज्यले नोक्सान भोग्नु पर्दछ।

सिक्किममा रेलवे र जलमार्गको सुविधा छैन। यहाँ हालैमा हवाई सम्पर्क शुरू गरिएको छ। यसकारण, सडक अझ पनि सिक्किममा परिवहनको एकमात्र व्यवहारिक साधन रहेको छ।

मेरो सरकारले प्रत्येक गाउँ, विद्यालय, स्वास्थ्य केन्द्र, बाजार अनि महत्वपूर्ण पर्यटन तथा धार्मिक स्थानलाई जोडने उद्देश्यले राज्यभरि व्यापक सडक नेटवर्क बनाउँदैछ।

सिक्किम छेउछाउका अन्तरराष्ट्रिय सीमाबाट सिक्किमलाई जोडने प्रयास गर्दिँदै जसमा नेपाल, भुटान अनि चीन शामेल छन्। सरकारले पुरानो सिङ्ल लेन सडकलाई चौडादार गरेर डबल लेन बनाउँदैछ। यस्तै प्रकारले पूलहरू पनि विकसित गरेर अधिक भार लिनमा सक्षम बनाइँदैछ। सुगम सडक परिवहन हेतु हामी सुरूङ, फुट ओवर ब्रिज, फ्लाई-ओवर आदि तकनीकको प्रयोग गर्ने दिशामा ध्यान दिइरहेका छौं।

प्रिय नागरिक,

सिक्किममा पर्यटनलाई एउटा उद्योगको रूप लिइएको छ अनि सिक्किमको पर्यटन ब्राण्डले देशमा मानक स्थापित गर्दैछ। सिक्किमलाई एउटा पर्या-पर्यटन स्थलको रूपमा स्थापित गरेर सन्तुलित विकास प्रक्रियाका साथै जिम्मेवारी पर्यटन ब्राण्डको रूपमा विकसित गर्दिँदै।

हालैमा पेलिङमा १३५ फीट अग्लो चेरेजी सिङ्खाम रिवापोटालाको मूर्तिको उद्घाटन गरिएको छ। यो संरचना सिक्किम अनि दुनियाका लागि समर्पित गरिएको छ अनि यसबाट राज्यमा पर्यटनलाई अझ बढावा मिल्नेछ।

यसका साथै राज्य सरकारले ग्रामीण क्षेत्रहरूमा होमस्टे आदिको सुविधा शुरू गरेर त्यसको क्षमता विकसित गर्ने प्रयास गरिरहेछ। यसबाट निश्चिरत रूपमा ग्रामीणवासीको आयमा वृद्धि हुनेछ। एउटा जिम्मेवार अनि स्थायी पर्यटन उत्पादको रूपमा ग्रामीण पर्यटन अवधारणा राज्यमा तेज गतीमा बढिरहेछ।

गत वर्ष माननीय प्रधानमन्त्री श्री नरेन्द्र मोदीज्यूले राज्यमा निर्मित एकमात्र पाकिम हवाईअड्डा देशलाई समर्पित गर्नुभयो। हवाई सम्पर्कबाट राज्यमा पर्यटन अनि आर्थिक विकासमा गती आउनेछ भन्ने कुरामा कुनै सन्देह छैन। अब सिक्किम राज्य देशको हवाई मानचित्रसित जोडिएको छ।

अहिले कलकता अनि गुवाहाटीसम्म सीमित हवाई सम्पर्कलाई निकट भविष्यमा नयाँ दिल्ली, भुटानको पारो अनि नेपालको काठमाण्डौंसित जोडने दिशामा हाम्रो सरकार काम गरिरहेछ।

यो कुरा भन्न पाउँदा मलाई अपार सन्तुष्टि अनि खुशी भइरहेछ कि राज्यका मानिसहरूले विकास योजनाद्वारा अनेक लाभ प्राप्त गरेका छन्। यो सरकारको सकारात्मक नीति, मानिसहरूको भागीदारी, निरन्तर शान्ति, स्थिरता, सुरक्षा र सुशासनका कारण सम्भव हुन सकेको छ।

सरकारको एकमात्र लक्ष्य राज्यलाई अधिक प्रगति र समृद्धिका साथै आत्मनिर्भर अनि स्वावलम्बी बनाउनु हो। यसमा प्रत्येक सिक्किमवासीको योगदानको आशा गरिन्छ।

अन्तमा म प्रदेशका प्रत्येक क्षेत्रमा नाम रोशन गर्ने सबै भाई-बहिनीलाई यस विशेष अवसरमा अभिनन्दन गर्दछु। ससका साथै पुलिस पदक विजेता, राज्य पुरस्कार विजेता अनि प्रशंसा पत्र प्राप्तकर्ताहरूलाई बधाई तथा शुभकामना दिँदछु। तपाईहरूको सफलताले अरूलाई पनि प्रेरित गरोस, यसको कामना गर्दछु।

आउनुहोस, हामी कडा मेहनतलाई जारी राखौं अनि दृढताका साथ अधिकभन्दा अधिक सामूहिक लक्ष्य प्राप्त गरौं। मलाई विश्वाँस छ कि हाम्रो सामूहिक प्रयासले निकट भविष्यमा राज्यलाई विकासको अघिल्लो स्तरमा पुऱ्याउनमा हामीलाई सफलता प्राप्त हुनेछ।

जय हिन्द!

# गणतन्त्र दिवसको अवसरमा सिक्किमका मुख्यमन्त्रीको..........

बढुवा, पुष्प खेती र बागवानी क्षेत्रको विकास हाम्रा प्राथमिकताका क्षेत्र रहेका छन्।

१४ जनवरी, २०१९ मा, हामीलाई सिच्छेस्थित सोकेथाङमा १००० पलङ्ग्युक्त मल्टी स्पेशलिटी अस्पताल उद्घाटन गर्ने सौभाग्य प्राप्त भयो। हाम्रा मानिसहरूलाई उनीहरूको घर दैलोमा सुलभ मूल्यमा सर्वोत्तम स्वास्थ्य हेरचाह सुविधाहरू प्रदान गर्ने हाम्रो सपना थियो। यो अस्पताल शुरू भएपछि, हाम्रा बिरामीहरूको उपचारका निम्ति दिल्ली र अन्य महानगरहरूतिर जाने कुनै आवश्यकता पर्नेछैन। बिमारहरूको सही र समयमा थाहा पाउने आधुनिकतम उपकरणहरू जस्तै उन्नत एमआरआई मशीन, डिजिटल एक्स-रे अनि १२८ स्लाइस सीटी स्क्यान आदिद्वारा यो अस्पताल युक्त छ। यस अतिरिक्त अस्पतालमा उन्नत त्वरक क्यान्सर हेरचाह केंद्र हुनेछ जसमा लिनर एक्सिलिरेटर र ब्रेकीथेरेपी सुविधाजस्ता नवीनतम उपकरण रहनेछन्। यस बाहेक अस्पतालमा एउटा लेवल- खख ट्रौमा सेंटर, ब्लड कम्पोनेन्ट सेपरेशन यूनिट र मल्टीपल डायलिसिस यूनिट हुनेछन्। अस्पतालमा एउटा अलग ड्रग रेसिस्टेंट टीबी वार्ड सितै अन्य संक्रामक रोगहरूका निम्ति आइसोलेशन वार्डको पनि प्रावधान रहनेछ।

रहल पृष्ठ ३ मा...

# गणतन्त्र दिवसको अवसरमा सिक्किमका मुख्यमन्त्रीको..........

मल्टी-स्पेशियलिटी अस्पतालबाहेक, १३५ फीट अग्लो चेन्रेजी शिंगखिम रीवो पोटालाको पनि १ नवंबर, २०१८ को दिन उदघाटन भयो। जस्तो कि उदघाटनको समयमा मैंले भने, सिक्किम अब तथागत सलमा भगवान बुद्धका अन्य दुई प्रतिमाहरू र साम्डुप्चेमा गुरु पद्मसम्भवसहित एउटा देवस्थल जस्तो बनेको छ। चेन्रेजीको प्रतिमाले राज्यलाई तीर्थाटन पर्यटनलाई अझ प्रोत्साहन दिनेछ। सोलोफोकमा सिद्धेश्वर धाम अघिबाटै प्रसिद्ध छ र राज्यभित्र र बाहिर तीर्थयात्राको क्षेत्रमा ठूलो संख्यामा मानिसहरूलाई आकर्षित गर्न जारी राखेको छ।

४ अक्टूबर, २०१८ मा पाकिम ग्रीनफील्ड हवाई अड्डाको उद्धाटन अनि शुरुआतसितै, सिक्किम अब देशको हवाई मानचित्रमा मजबूतीसित जोड़िएको छ। पाकिम हवाई अड्डा भारतको १०० औं सञ्चालित हवाई अड्डा हो र यसमा कुनै शंका छैन कि एकपल्ट नियमित उड़ानहरू शुरू भएपछि कोलकाता र गुवाहाटी बाहेक दिल्लीसित जोड़ेपछि पर्यटनलाई धेरै बढ्वा मिल्नेछ र हाम्रा मानिसहरूलाई आर्थिक लाभको ठूलो राहत प्राप्त हुनेछ।

जैविक खेतीले अब सकारात्मक प्रभाव पारिरहेको छ। हामी देशको पहिलो जैविक कृषि राज्य बनेका छौं र हाम्रो ध्यान खेतीको यस स्थायी प्रणालीलाई स्थानीय संसाधन आधारित, वाणिज्यिक जैविक उद्यममा रूपान्तरित बनेको छ।

यस प्रक्रियामा केही उल्लेखनीय उपलब्धिहरू छन्- सिक्किम कृषि, बागवानी निविष्टि र पशुधन आहार नियामक अधिनियम, २०१४, सिक्किममा जैविक फसल उत्पादनको पुस्तिका अनि सिक्किम राज्य जैविक प्रमाणन एजेंसीको स्थापना, को प्रकाशन जस्ता विधानलाई अधिनियमित गरिएको छ।

उत्पादन, प्रसंस्करण र विपणनका निम्ति शुरूदेखि अन्तसम्मको सुविधाहरूसितै एकीकृत अनि केंद्रित दृष्टिकोण अन्तर्गत वस्तु विशिष्ट वाणिज्यिक जैविक मूल्य श्रृंखला विकसित गरिन्दैछ। उपभोक्ताहरूसितै उत्पादहरूलाई जोड़नका लागि निविष्टि, बिऊ-बिजन, प्रमाणीकरण र सुविधाहरूको निर्माण वा खेती स्थलमा निविष्टि उत्पादनदेखि शुरू हुने सम्पूर्ण मूल्य श्रृंखलाको विकासलाई समर्थन गर्नका लागि भण्डारण, एकत्रीकरण र विपणन र मूल्य श्रृंखला विकसित गर्नका निम्ति २८ किसान उत्पादक संगठनहरूको सिर्जनासितै यसलाई आरम्भ गरिएको छ।

जैविक कृषिमा मानिसहरूलाई प्रोत्साहित गर्न अनि उनीहरूको सहायता गर्नका निम्ति सेवा प्रदाता एजेंसिहरूको माध्यमद्वारा आंतरिक नियंत्रण प्रणाली (आईसीएस) प्रबंधनका लागि मेरो सरकारले ४५० जना शिक्षित अनि बेरोजगार युवाहरूलाई सामेल गरेको छ। फ्यूचर पलिसी गोल्ड अवार्डले विश्व भरिमा कृषि पारिस्थितिकी अनि स्थायी खाद्य प्रणालीको सर्वश्रेष्ठ नीतिहरूलाई सम्मानित गर्दछ। सिक्किम भारतको पहिलो १००% जैविक राज्य भएको कारण २५ राष्ट्रका ५१ मनोनीत नीतिहरूलाई उछिन्दै स्वर्ण पदक हासिल गऱ्यो, जसमा ब्राज़ील, डेनमार्क र इक्काडोर देशका नीतिहरूले रजत पुरस्कार प्राप्त गरे। भारतको एउटा सानो राज्यले यस प्रकारको एउटा प्रतिष्ठित अन्तरराष्ट्रीय पुरस्कार जित्नुले हाम्रो दूरदर्शिता र अग्रगामी सोंचलाई दर्शाउँदछ।

शिक्षा क्षेत्रमा सरकारले कलेज स्तरसम्म निशुल्क शिक्षाको नीति अपनाएको छ। यस सत्रको शुरुआतदेखि, राज्य सरकारले एटिटिसि बरदाङ र सिसिसिटि चिसोपानीमा खाँटी सिक्किमे छात्रहरूलाई निशुल्क शिक्षा प्रदान गरिरहेको छ। शिक्षा क्षेत्र सदैव सर्वोच्च प्राथमिकतामा रहेको छ र हाम्रो प्रयास पूर्वमा हासिल गरिएका कतिपय कुराहरूमा सुधार गर्नु रहनेछ।

राज्य सरकारले गाँस, बास र कपासजस्ता आधारभूत आवश्यकताहरूलाई पूरा गर्नका निम्ति पूर्णकालिक सहायता दिने लगातार प्रयास गरेको छ। बितेका धेरै वर्षअवधि, हामीले सबै चिन्हित लाभार्थीहरूलाई आवश्यक सामग्रीहरू र वित्तीय अनुदान निशुल्क वितरण गर्नका निम्ति जनता मेला जस्ता कार्यक्रमहरू थालेका छौं।

सिक्किमलाई कच्चा घरमुक्त राज्य बनाउनमाथि ध्यान केंद्रित गरिएको छ। यस दिशामा युद्धस्तरमा काम भइरहेको छ। सिएमआरएचएम योजना अन्तर्गत हामीले अघिबाटै ५६५९ घरहरू निर्माण गरेका छौं। सिएमआरएचएम चरण - ख र चरण - खख अन्तर्गत, अन्य ६,००० घरहरूको निर्माण कार्यलाई स्वीकृत गरिएको छ। चरण - ख में, ३००० घरमध्ये, १०७९ घर पूर्ण भइसकेका छन् र रहल पूर्णताका विभिन्न चरणहरूमा छन्। बिएसि-हरूको पूर्णकालिक सञ्चालनले विकेंद्रीकरणमा सहयोग पुऱ्याएको छ र प्रशासन अनि विकासीय कार्यक्रमहरूलाई सबै समक्ष पुग्ने मार्ग सुनिश्चित गरेको छ।

हामीलाई थाहा छ कि राज्यमा सड़क सञ्जालले मानिसहरूको जीवनमा एउटा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। ग्रामीण सड़कहरूलाई मिलाएर राज्यमा सड़कहरूको कुल लम्बाई ४१७९.५२ किलोमिटर रहेको छ। राज्यका सबैभन्दा दुर्गम गाऊँ-बस्तीलाई जोड़नका निम्ति मेरो सरकारले मौसम अनुरूप सड़कहरूको निर्माणका निम्ति अझ १३६६.९१ किलोमीटर सड़क निर्माणलाई स्वीकृत गरेको छ। यी कार्यहरू चलिरहेका छन् र प्रगतिका विभिन्न चरणमा छन्। हाम्रो प्रयास सड़कहरूलाई उचित परिवहनको स्थितिमा ल्याउनु अनि विद्यमान पुलहरूको भार क्षमतालाई उन्नत र मजबूत बनाउनु हो। राज्य सरकारले सुरूङ, फ्लाईओवर, पास, ओवर पास, फुट ब्रिज आदिको निर्माणद्वारा आधारभूत परिवहन ढांचालाई धेरै नवीन र तकनीकी साधनहरू खोजी रहेको छ।

सामाजिक न्याय अनि समानतालाई सुनिश्चित गर्नका निम्ति महिला सशक्तिकरण हाम्रो नीतिहरूको केन्द्रमा छ। सिक्किममा हामीले महिलाहरूको समान अधिकार सुनिश्चितिलाई प्राथमिकता दिएका छौं। राजनीतिक स्तरमा, ग्रामीण अनि शहरी स्थानीय निकायहरूमा महिलाहरूका निम्ति ५०% आरक्षण प्रदान गरिएको छ। सोही प्रकारले, सरकारी सेवाहरूमा महिलाहरूलाई ३३% आरक्षण प्रदान गरिएको छ। सिक्किम राज्य महिला आयोगको स्थापना गरेर महिलाहरूको कानूनी अधिकार र उनीहरूको संरक्षणलाई सुनिश्चित गर्नका निम्ति आवश्यक कानूनी ढांचा तयार गरिएको छ। सरकारले घरेलू हिंसा अधिनियम, २००५ र कार्यस्थलमा महिलाहरूको यौन उत्पीड़न (रोकथाम, निषेध र निवारण) अधिनियम, २०१३ लाई अधिनियमित गरेको छ जसले घरमा साथ-साथै महिलाहरूको शोषणलाई रोक्न कानूनी समर्थन प्रदान गर्दछ।

राज्यवासी स्वस्थ्य जीवन यापन गरून भन्ने सुनिश्चित गर्नका लागि, राज्य सरकारले सदैव निवारक अनि उपचारात्मक उपायहरूमाथि बल दिएको छ। सरकारले २०१७ मा हाम्रा बालिकाहरूमा सर्वाइकल क्यान्सरको रोकथामका निम्ति एचपिभि टिकाकरण शुरू गर्ने निर्णय लियो। पहिलो चरणमा, जुलाई २०१८ मा, राज्यका ९ से १४ वर्ष आयु सीमाका २४,००० बालिकाहरूलाई समावेश गर्दै एचपिभि टिकाकरण गरिएको थियो। यसका साथै, हामी सम्पूर्ण देशमै एचपिभि टिकाकरण शुरू गर्ने देशको शायद पहिलो राज्य हौं।

बितेका २४ वर्ष अवधि, धेरैवटा अभिनव कार्यक्रम र नीतिहरूद्वारा हामीले सिक्किमलाई देशमा सर्वश्रेष्ठ राज्यको रूपमा रूपान्तरित गरेका छौं, जुन देशमा र विश्वमा नै आफ्नै प्रकारको पहिलो उपक्रम हो। यी सबैले हाम्रो अथक प्रयास र निरन्तरताका कारण हामीले हासिल गरेका उपलब्धिहरूबारे स्पष्ट जानकारी दिन्छन्। यस शुभ अवसरमा, म खुशीसाथ यस्ता केही ऐतिहासिक उपलब्धीहरूलाई साझा गर्न चाहन्छु:

१. सिक्किम दोस्रो विश्व युद्धपछि बिपिएलमा गिरावट / कमी दर्ता गर्ने विश्वको पहिलो राज्य हो;
२. विश्वको पहिलो जैविक राज्य;
३. विश्वको सबैभन्दा सफा राज्य;
४. विश्वको सर्वाधिक शान्त राज्य;
५. संरक्षित वनमा गौचरनमाथि प्रतिबन्ध लगाउने पहिलो राज्य;
६. हरियो रूख-पात काटन प्रतिबन्धित गर्ने विश्वको पहिलो राज्य;
७. प्लास्टिकको प्रयोग प्रतिबन्धित गर्ने विश्वको पहिलो राज्य;
८. वन्यप्राणीको हत्यामाथि प्रतिबन्ध लगाउने विश्वको पहिलो राज्य;
९. पटेका पड़काउनमाथि प्रतिबन्ध लगाउने विश्वको पहिलो राज्य;
१०. वन्य आवरणमा ४ प्रतिशत वृद्धि दर्ता गर्ने विश्वको पहिलो राज्य;
११. कलेज स्तरसम्म निशुल्क शिक्षा प्रदान गर्ने विश्वको पहिलो राज्य;
१२. ट्रान्सजेन्डरलाई कलेज स्तरसम्म निशुल्क शिक्षा प्रदान गर्ने विश्वको पहिलो राज्य;
१३. शिक्षा क्षेत्र अन्तर्गत २० प्रतिशत बजेटीय प्रावधान गर्ने विश्वको पहिलो राज्य;
१४. ९६.७२ प्रतिशत दरसितै सिक्किम भारतको एउटा पूर्ण साक्षर राज्य; शैक्षणिक इतिहासमा १०० वर्षभन्दा कम अवधिमा १०० प्रतिशत साक्षर बन्ने विश्वको पहिलो राज्य;
१५. निशुल्क स्वास्थ्य हेरचाह सुविधा प्रदान गर्ने विश्वको पहिलो राज्य;
१६. अविवाहित भत्ता शुरू गर्ने विश्वको पहिलो राज्य;
१७. लघु परिवार योजना शुरू गर्ने विश्वको पहिलो राज्य;
१८. शहरी तथा स्थानीय निकायहरूको चुनाउमा महिलाहरूलाई ५० प्रतिशत आरक्षण प्रदान गर्ने विश्वको पहिलो राज्य;
१९. कृषि पेन्सन शुरू गर्ने विश्वको पहिलो राज्य;
२०. रू. १४.७९ लाखको दरमा पक्की आवास प्रदान गर्ने विश्वको पहिलो राज्य;
२१. रू. ५०,००० को दरमा आवास बढ़ोत्तरी सुविधा प्रदान गर्ने विश्वको पहिलो राज्य;
२२. कक्षा ५ र त्यसमाथिका विद्यार्थीहरूका निम्ति चिफ मिनिस्टर्स मेरिटोरियस स्कलरशिप प्रदान गर्ने विश्वको पहिलो राज्य;
२३. विश्वका सर्वश्रेष्ठ विश्वविद्यालयहरूमा छात्रवृति शिक्षा प्रायोजित गर्ने विश्वको पहिलो राज्य;
२४. सामाजिक सेवा भत्ता शुरू गर्ने अनि झांक्री र झार फूक गर्नेहरूका निम्ति पारम्परिक वस्त्र खरीद गर्न वार्षिक अनुदान प्रदान गर्ने विश्वको पहिलो राज्य;
२५. सरकारी कर्मचारीहरूको उच्चतम प्रति व्यक्ति प्रतिशत भएको विश्वकै पहिलो राज्य;
२६. एमआर, एडहक र वर्क चार्जअन्तर्गतका सबै कर्मचारीहरूलाई स्थायी गर्ने विश्वको पहिलो राज्य;
२७. निशुल्क मेडिकल कलेज शिक्षा प्रदान गर्ने विश्वको पहिलो राज्य;
२८. जनता मेलाको आयोजना गर्ने विश्वको पहिलो राज्य;
२९. रोजगार मेला आयोजन गर्ने विश्वको पहिलो राज्य;
३०. सड़क दुर्घटनामा मृत्यु हुने चालकहरूलाई रू. ५ लाखको मृतक अनुदान प्रदान गर्ने विश्वको पहिलो राज्य;
३१. उच्च वर्गका नेपालीहरूलाई आरक्षण प्रदान गर्ने विश्वको पहिलो राज्य;
३२. व्यापारी समुदायका निम्ति उच्च शिक्षामा ५ प्रतिशत आरक्षण प्रदान गर्ने विश्वको पहिलो राज्य;
३३. २० वर्षको अवधिमा सिक्किममा ११ वर्षभन्दा अधिक जीवन प्रत्यासामा वृद्धि गर्ने विश्वको पहिलो राज्य;
३४. २४ वर्षको छोटो अवधिमा महिला शसक्तिकरणको अभियानलाई पूर्णरूपमा हासिल गर्ने विश्वको पहिलो राज्य;
३५. नागरिकहरूलाई आवास कर र आयकरमा छूट प्रदान गर्ने विश्वको पहिलो आयकर मुक्त राज्य;
३६. एउटै स्थानमा चार धाम र १२ ज्योर्तिलिङ निर्माण गर्ने विश्वको पहिलो राज्य;
३७. छो-लुङ-टुल-सुम विकसित गर्ने विश्वको पहिलो राज्य।
३८. सिक्किम भारतको पहिलो राज्य हो जहाँ,
१. अत्याधिक गरीबी छैन
२. भोकमरी छैन
३. भिखारी छैन
४. स्कूल छुटेको विद्यार्थी छैन
५. उपचार नपाएको बिरामी छैन
६. सड़क बिनाको गाऊँ छैन; पिउने पानी र बिजुली बिनाको घर छैन
३९. सिक्किम भारतको पहिलो आधारभूत न्यूनतम आवश्यकता-पूर्ति भएको राज्य हो, जुन शहरी अनि ग्रामीण वासस्थल क्षेत्रहरूमा समान रूपमा विस्तारित छ;
४०. सिक्किम भारतको सबैभन्दा शान्त राज्य हो। राज्यमा कुनै लैङ्गिक विभेद छैन; कुनै जातिय तथा साम्प्रदायिक द्वन्द छैन;
४१. सिक्किमको कानून र व्यवस्था देशमै सर्वोत्कृष्ट छ;
४२. देशको पहिलो लैङ्गिक विभेदमुक्त राज्य;
४३. ३५ प्रतिशत छूटसहित स्टार्टअप योजना शुरू गर्ने देशको पहिलो राज्य;
४४. हेपटाइटिस बी टिकाकरण; एमडिआर टिकाकरण र एचपिभि टिकाकरण शुरू गर्ने देशको पहिलो राज्य;
४५. पञ्चायतहरूका निम्ति मासिक मानदेय र विवेकाधीन कोष शुरू गर्ने देशको पहिलो राज्य;
४६. धार्मिक संस्थानहरू निर्माण गर्ने देशको पहिलो राज्य;
४७. सरकारी कर्मचारीहरूलाई सर्वाधिक वेतन र भत्ताहरू प्रदान गर्ने देशको पहिलो राज्य;
४८. सर्वोच्च सड़क सघनता भएको देशको पहिलो राज्य;
४९. सर्वोच्च मजदूर भत्ता दिने देशको पहिलो राज्य;
५०. आर्थिक रूपमा कमजोर कामी, दमाई र सार्की समुदायका निम्ति सरकारी रोजगार र शिक्षा (वर्तमान अनुसूचित जाति कोटा सिद्धांत अन्तर्गत समावेश नभएको) मा अलग्गै २% कोटा प्रदान गर्ने देशको पहिलो राज्य;
५१. स्वंय सहायता समूहहरूलाई निशुल्क ल्यापटप प्रदान गर्ने, जिसिआई सिट, इन्डक्सन चुल्हा, ग्यास सिलिन्डर आदि प्रदान गर्ने देशको पहिलो राज्य;

यस खुशीको अवसरमा, हामी राज्यका मानिसहरूलाई लाभान्वित गर्नका निम्ति हाम्रो सतत विकास नीतिहरूको आधारमा अघि बढ्ने आफ्नो प्रतिज्ञालाई नवीनीकृत गरौं। हामी अघिबाटै देशका सर्वश्रेष्ठ राज्यहरूमध्ये एक छौं, आऔं अब सिक्किमलाई विश्वको सर्वश्रेष्ठ राज्य बनाउनका निम्ति मिलेर कार्य गरौं।

अन्तमा, म राज्य पुरस्कार विजेताहरू, पुलिस पदक विजेताहरू र अन्य मानिसहरूलाई बधाई दिन्छु जसले राज्यको प्रतिष्ठालाई वृद्धि गर्ने कार्य गरेका छन्। तपाईंहरूको सफलताले अरूलाई उच्च लक्ष्य निर्धारित गर्न र राष्ट्र निर्माणको कार्यमा योगदान दिनमा प्रोत्साहित गरोस।

धन्यवाद

**जय हिन्द !**




सिक्किम सरकारको सूचना तथा जन-सम्पर्क विभागद्वारा प्रकाशित तथा सिक्किम सरकारी छापाखाना तादोङ गान्तोकमा मुद्रित। दूरभाषः २३११४०,२३११३२,२३११४२।
S.G.P.G - 371 / Nepali Herald 2500 Cps. 26 .01. 2019